म्यागड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नवाकोट
बागमती प्रदेश, नेपाल

आज मिति २०८० साल चैत ०९ गते यस म्यागङ गाउँपालिकाका अध्यक्ष श्री आशा तामाङ ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

1. अध्यक्ष- आशा तामाङ
2. उपाध्यक्ष- सीता तामाङ
3. सदस्य- जिमा बहादुर तामाङ
4. सदस्य- सन्द विर तामाङ
5. सदस्य- हरि बहादुर तामाङ
6. सदस्य- कमल बहादुर तामाङ
7. सदस्य- जित बहादुर तामाङ
8. सदस्य- हरि कुमार तामाङ
9. सदस्य- सरु घले
10. सदस्य- टेक राज घले
11. सदस्य- सम्झना तामाङ
12. सदस्य- सिंगराम घले
13. सदस्य- गंगा तामाङ
14. सदस्य- कमला तामाङ
15. सचिव- श्री नविन गङतान लामा (प्रमुख प्रशासकीय अधिकृत)

आमन्त्रित:

श्री विरेन्द्र तामाङ- सूचना प्रविधि अधिकृत

म्याग्दङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नवाकोट
बागमती प्रदेश, नेपाल

**<u>प्रस्ताव नं. १</u> – <u>यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा</u> ।**

**<u>निर्णय नं. १</u>** – म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

**<u>प्रस्ताव नं. २</u> – <u>अ.हे.व करार सेवा पदपूर्ति सम्बन्धमा</u> ।**

**<u>निर्णय नं. २</u>** – प्रस्ताव नं २ उपर छलफल गर्दा मिति २०८०/१०/१७ गतेको कार्यपालिका बैठकको निर्णय नं. २१ बमोजिम म्यागङ गाउँपालिका अन्तर्गत रहेको स्वास्थ्य संस्थाहरुमा २ जना अ.हे.व. माग गर्ने भनी निर्णय भएकोमा उक्त पदको लागि १ जनाको मात्र दरबन्दी रहेको हुँदा सो निर्णय उपर संशोधन गरी १ जना अ.हे.व पदमा करार सेवामा पदपूर्ति गर्ने गरी निर्णय गरियो ।

**<u>प्रस्ताव नं. ३</u> – <u>रात्रीकलिन सेवा सुविधा सम्बन्धमा</u> ।**

**<u>निर्णय नं. ३</u>** – प्रस्ताव नं ३ उपर छलफल गर्दा देउराली प्राथमिक स्वास्थ्य केन्द्रमा रात्रीकलिन आकस्मिक सेवामा खटिने डाक्टर वा पारामेडिक्सको लागि प्रति रात रु. २०० का दरले स्वास्थ्य विविध कार्यक्रमबाट उपलब्ध गराउने भनी निर्णय गरियो ।

**<u>प्रस्ताव नं. ४</u> – <u>गाउँघर क्लिनिक संचालन सम्बन्धमा</u> ।**

**<u>निर्णय नं. ४</u>** – प्रस्ताव नं ४ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट गाउँघर क्लिनिक PHC/ORC हरेक महिनामा खाटिएका स्वास्थ्यकर्मीहरुलाई यातायात खर्च प्रति व्यक्ति रु. ४०० का दरले मिति २०८० साउन महिना देखि गाउँघर क्लिनिक संचालन प्रतिवेदन पेश भएका आधारमा विविध स्वास्थ्य कार्यक्रमबाट भुक्तानी दिने निर्णय गरियो ।

**<u>प्रस्ताव नं. ५</u> – <u>ल्याब असिष्टेन्ट पदपूर्तिको लागि विज्ञापन सम्बन्धमा</u> ।**

**<u>निर्णय नं. ५</u>** – प्रस्ताव नं ५ उपर छलफल गर्दा यस गाउँपालिका वडा नं. ४ स्थित श्री किम्ताङ स्वास्थ्य चौकीको लागि आवश्यक ल्याब असिष्टेन्ट १ जनाको लागि प्रति महिना रु. २६,६१०/- पारिश्रमिक तलब उपलब्ध गराउने गरी करार सेवाबाट पदपूर्ति गर्न विज्ञापन गर्ने भनी निर्णय गरियो ।

**<u>प्रस्ताव नं. ६</u> – <u>पशु विमा कार्यक्रम निरन्तरता सम्बन्धमा</u> ।**

**<u>निर्णय नं. ६</u>** – प्रस्ताव नं ६ उपर छलफल गर्दा कृषि तथा पशु शाखाको लागि विनियोजन गरिएको "विविध पशु विकास कार्यक्रम" बाट खर्च गरिने गरी यस गाउँपालिका अन्तर्गत ५०% अनुदानमा पशु विमा कार्यक्रमलाई निरन्तरता दिने भनी निर्णय गरियो ।

**प्रस्ताव नं. ७ – आयोजना फरफारक तथा भुक्तानी सम्बन्धमा।**

**निर्णय नं. ७** - प्रस्ताव नं. ७ उपर छलफल गर्दा तपशिलका आयोजनाहरुको संचालन र सम्पन्नको संलग्न कागजत, वडाको सिफारिस, प्राविधिकको मूल्याङ्कन र पालिकास्तरीय अनुगमन समितिको प्रतिवेदनको अध्ययन तथा आवश्यक जाँचबुझ गरी योजनाहरुको फरफारक गर्ने निर्णय गरियो र भुक्तानीको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गरियो ।

**तपशिल:**

| क्र.सं. | योजनाको विवरण | बजेट रकम (रु.) | भुक्तानी रकम (रु.) |
|---|---|---|---|
| १. | सालघरी बर्सुन्चेत गुम्बाडाँडा जोड्ने सडक निर्माण, म्यागङ १ | 5,00,000 | प्राविधिक मुल्याङ्कन अनुसार |
| २. | सेर्लुङमा कलासिङ बुनाङ सरस्वती मा.वि.जाने पक्की गोरेटो बाटो निर्माण, म्यागङ २ | 3,00,000 | |
| ३. | नौधारा छयुतमाने खानेपानी निर्माण, म्यागङ २ | 3,00,000 | |
| ४. | जोङदली कलङपोच्चो गोरेटो बाटो निर्माण, म्यागङ २ | 1,00,000 | |
| ५. | डोडो खोला हेम पाईप खरिद ब्यवस्थापन, म्यागङ २ | 1,00,000 | |
| ६. | एच. पि सुमार्ग कृषि फर्म अनुदान, म्यागङ २ | 1,00,000 | |
| ७. | डुई स्योङ देखि कल्बवृक्ष डाँडा सिँचाई, म्यागङ ३ | 1,50,000 | |
| ८. | सनेन पिमाप्रङ सडक निर्माण, म्यागङ ३ | 2,00,000 | |
| ९. | बिरुस्योङ ऐतिहासिक पधेरो संरक्षण तथा निर्माण, म्यागङ ३ | 2,75,000 | |
| १०. | बागभैरुम आ.वि. चमेना गृह निर्माण, म्यागङ ३ | 4,25,000 | |
| ११. | अर्वचेत महिला कृषि सिँचाई, म्यागङ ३ | 1,00,000 | |
| १२. | वतीपङ बुगङ कृषि सिँचाई, म्यागङ ३ | 1,00,000 | |
| १३. | खोन्दोरोङ गुरुपोच्चो हावाघर निर्माण, म्यागङ ३ | 1,00,000 | |
| १४. | खोन्दोरोङ गुरुपोच्चो फोहोर व्यवस्थापन, म्यागङ ३ | 1,00,000 | |
| १५. | प्लेनप्लेन खेलमैदान धारा निर्माण, म्यागङ ३ | 1,50,000 | |
| १६. | साझा सुविधा केन्द्रको स्थापना म्यागङ ३ पूर्वाधार निर्माण, म्यागङ ३ | 5,00,000 | |
| १७. | माने देखि नागिनथान गोरेटो बाटो निर्माण, म्यागङ ३ | 1,00,000 | |
| १८. | तेन्सिलीङ खेल मैदान निर्माण, म्यागङ ४ | 2,25,000 | |
| १९. | बुद्धमुर्तिको बुट्टा तथा रङरोगन, म्यागङ ४ | 10,00,000 | |
| २०. | डब्लसङमा कृषि सडक निर्माण, म्यागङ ४ | 2,00,000 | |
| २१. | मेङगङ टोल अलपङ मरणघाट निर्माण, म्यागङ ४ | 2,00,000 | |
| २२. | अल्जङ हुँदै टप्टागङ कृषि सडक निर्माण, म्यागङ ४ | 2,00,000 | |
| २३. | खेलकुद पूर्वाधार निर्माण ज्योदनेन खेल मैदान निर्माण, म्यागङ ४ | 15,00,000 | |
| २४. | भर्याङभुरुङ मरणघाट निर्माण, म्यागङ ५ | 4,75,000 | |
| २५. | सामरी चर्च भवन मर्मत, म्यगङ ५ | 1,50,000 | |

म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| २६. | टापेटोल सामुदायिक भवन निर्माण, म्यागङ ५ | 3,00,000 | |
| २७. | पोतोल भ्रङ हुँदै होक्तोङ वाईवा टोल सिढी गोरेटो बाटो निर्माण, म्यागङ ६ | 1,50,000 | |
| २८. | वाका लकुरे डाँडा गाउँपालिका केन्द्र जाने मोटर बाटो मर्मत, म्यागङ ६ | 1,00,000 | |
| २९. | छोगङ-भ्रङार- कुनागाउँ कृषि सडक, म्यागङ ४ | 44,70,719.28 | |
| ३०. | टुडी पार्क संरचना निर्माण | 34,84,508.52 | |
| ३१. | गाउँपालिक युवा क्लब- पाँचौ दुप्चेश्वर कप पुरुष भलिबल | 4,20,995 | सम्झौता अनुसार |
| ३२. | गाउँपालिका युवा क्लब- अन्तरपालिका स्तरीय नुवाकोट च्याम्पियन विदुर मेयर कप फुटवल | 8,44,226 | |
| ३३. | स्वास्थ्य शिविर संचालन | 6,50,000 | |

**प्रस्ताव नं. ८ – रोजगार सेवा केन्द्र (प्रधानमन्त्री रोजगार कार्यक्रम) सम्बन्धमा।**

**निर्णय नं. ८-** प्रस्ताव नं. ८ उपर छलफल गर्दा म्यागङ गाउँपालिका अन्तर्गत स्थानीय निर्देशक समितिको मिति २०८० चैत २ गतेको निर्णयको जानकारी तथा सदर/स्वीकृती गर्ने भनी निर्णय गरियो ।

**प्रस्ताव नं. ९ – विविध लक्षित वर्ग कार्यक्रमको बाँडफाँड गर्ने सम्बन्धमा।**

**निर्णय नं. ९-** प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस गाउँपालिकाको बार्षिक बजेटबाट विनियोजत विविध लक्षित वर्ग कार्यक्रमलाई तपशिल अनुसार बाँडफाँड गरी कार्यक्रम संचालन गर्ने भनी निर्णय गरियो।

तपशिल:-

१. मौरीपालन तालिम संचालन, म्यागङ १- रु. ३ लाख
२. ब्युटीपार्लर आधारभू तालिम संचालन, म्यागङ २- रु. ४ लाख
३. साबुन बनाउने तालिम संचालन, म्यागङ ३- रु. ४ लाख
४. सानु उद्योगको लागि प्राविधि हस्तान्तरण, म्यागङ ४- रु. ३ लाख
५. हाते बुनाई तालिम संचालन, म्यागङ ५- रु. ३ लाख
६. मौरीपालन तालिम संचालन, म्यागङ ६- रु. ४ लाख
७. वाईरिङ तथा प्लम्बिङ तालिम संचालन- रु. ४ लाख

**प्रस्ताव नं. १० – दोस्रो गाउँपालिका अध्यक्ष खेलकुद कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं. १०-** प्रस्ताव नं. १० उपर छलफल गर्दा यस गाउँपालिकाको बार्षिक बजेट अनुसार दोस्रो गाउँपालिका अध्यक्ष खेलकुद कार्यक्रम अन्तर्गत गाउँपालिका अध्यक्ष पुरुष भलिबल (दोस्रो संस्करण) संचालनको लागि म्यागङ गाउँपालिका युवा क्लबसँग सम्झौता गर्ने तथा उक्त क्लबलाई आवश्यक व्यवस्थापनको लागि पेश्की स्वरुप सम्झौता रकमको २० प्रतिशत रकम भुक्तानी गरी प्रचारप्रसार लागायत अन्य व्यवस्थापनको लागि निर्देशन दिने भनी निर्णय गरियो ।

म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

**<u>प्रस्ताव नं. ११</u> – <u>योजना शीर्षक संशोधन सम्बन्धमा।</u>**

**<u>निर्णय नं. ११</u>**- प्रस्ताव नं. ११ उपर छलफल गर्दा यस गाउँपालिकाको बार्षिक बजेटबाट विनियोजित तपशिल योजना शीर्षकलाई तपशिल अनुसार हुने गरी शीर्षक संशोधन गर्ने भनी निर्णय गरियो।

<u>तपशिलः-</u>

| क्र.सं. | विनियोजित योजना शीर्षक | संशोधन हुनुपर्ने योजना शीर्षक | विनियोजना रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | ताम्बालिङ एकता महिला समूह | ताम्सलिङ एकता महिला समूह | 1,00,000 | |

**<u>प्रस्ताव नं. १२</u>- <u>वकिल फि (शूल्क) भुक्तानी सम्बन्धमा।</u>**

**<u>निर्णय नं. १२</u>**- प्रस्ताव नं. १२ उपर छलफल गर्दा उच्च अदालतमा निवेदक लक्ष्मी तामाङले म्यागङ गाउँपालिका, म्यागङ गाउँपालिका न्यायिक समिति लगायतलाई विपक्ष बनाई हलेको मुद्दामा कानुनी जवाफ पेश गर्न वकिल श्री सुरेन्द्रराज अधिकारीलाई वरिस तोकी पठाईएकोमा सो मुद्दाको वहास पैरवीको क्रममा रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैयाँ) भुक्तानी दिने भनी निर्णय गरियो।

**<u>प्रस्ताव नं. १३</u> – <u>बजेट माग सम्बन्धमा।</u>**

**<u>निर्णय नं. १३</u>**- प्रस्ताव नं. १३ उपर छलफल गर्दा यस गाउँपालिका वडा नं . ४ को लागि तपशिल बमोजिमको योजना शीर्षकमा आवश्यक बजेट मागको लागि श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौं समक्ष अनुरोध गर्ने भनी निर्णय गरियो।

<u>तपशिलः-</u>

१. तक्पागङ गुरुरेन्पोछे मुर्ति स्तरउन्नती तथा पार्क निर्माण, म्यागङ ४, नुवाकोट – रु. ४ करोड

**<u>प्रस्ताव नं. १४</u> – <u>सर्वसम्मतले पारित सम्बन्धमा।</u>**

**<u>निर्णय नं. १४</u>**- प्रस्ताव नं. १४ उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।